नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
आर्थिक प्रशासन शाखा

फो.नं.
४२००२६०
४२००२८७
सिंहदरबार, काठमाण्डौं

प.सं. २०७४।७५
च.नं.१.१.३/१८३

मिति:-२०७४।१०।०९

विषय:- आर्थिक विवरण पेश गर्ने सम्बन्धमा ।

श्री जिल्ला समन्वय अधिकारीज्यू,जि.स.स को कार्यालय कास्की
श्री प्रमुख प्रशासकिय अधिकृतज्यू, महानगरपालिका कार्यालय काठमाण्डौं,
श्री प्रमुख प्रशासकिय अधिकृतज्यू उपमहानगरपालिका कार्यालय धनगढी ।
श्री प्रमुख प्रशासकिय अधिकृतज्यू, नगरपालिकाको कार्यालय (३५) गौरादह झापा ,शिवसताक्षी झापा, चैनपुर संखुवसभा, म्याङलुङ तेह्रथुम , षडानन्द भोजपुर, इनरुवा सुनसरी ,रामधुनि सुनसरी , रंगेली मोरङ्ग, ,हनुमाननगर कंकालिनि ससरी , गौशाला महोत्तरी , लालबन्दी सर्लाही , दुधौली सिन्धुली , मेलम्ची सिन्धुपाल्चोक , दक्षिणकाली काठमाण्डौं , अन्नतलिङ्गेश्वर भक्तपुर , चाँगुनारायण भक्तपुर , भक्तपुर भक्तपुर ,नगरकोट भक्तपुर , सूर्यविनायक भक्तपुर , बनेपा काभ्रेपलान्चोक, धुलिखेल काभ्रेपलान्चोक , कोल्हवी वारा, महागढीमाई वारा, चित्रवन चितवन, कालिका चितवन , खैरहनी चितवन, माडी चितवन, नारायणी चितवन, भृकुटी कपिलवस्तु , बुद्धवाटिका कपिलवस्तु, कपिलवस्तु कपिलवस्तु, शिवराज कपिलवस्तु, पालुङ्गटार गोरखा, त्रिपुर दाङ, भेरिमालिका जाजरकोट।

प्रस्तुत विषय यस मन्त्रालयको प.सं. आ.प्र. २०७४।७५ च.नं. १७,१८ र १९ मिति २०७४।०४।०४ को पत्रबाट आ.व. २०७३।७४ को वार्षिक आर्थिक विवरण लगायतका प्रतिवेदन उपलब्ध गराउनको लागि आर्थिक विवरणको ढाँचा सहित अनुरोध गरिएको थियो तर सो अनुसार समयमा आर्थिक विवरण प्राप्त नभएपछि पुन पेश नगर्नेहरुको नामनामेसी विवरण र आर्थिक ऐन नियमका कुरा खुलाई आर्थिक विवरण पेश गर्न प.सं २०७४।७५ च.नं. २७९ मिति २०७४।०८।२५ को पत्रबाट पुन ताकेता गरिएको थियो ।उक्त ताकेता बाट पनि सबै निकाय तथा कार्यालयबाट आर्थिक विवरणहरु नआएपछि प्रत्येक प्रदेश तहमा भएको वित्तीय सुशासन तथा बेरुजु फर्छयौट सम्बन्धी अभिमुखीकरण गोष्ठीमा समेत उक्त विवरणहरु लिई आउन अनुरोध गरी मन्त्रालयबाट कर्मचारीहरुसमेत सम्बन्धित प्रदेशमा खटाइएको थियो । यि सबै प्रयत्न बाट पनि तहाँ कार्यालयबाट अद्यापि आर्थिक विवरण प्राप्त हुन नसकेको हुँदा एकिकृत आर्थिक विवरण तयार गरी सम्बन्धित तालुक निकाय समेतमा प्रतिवेदन गर्न सकिएको अवस्था छैन । यसबाट एकातिर कतिपय कार्यक्रमको वैदेशिक अनुदानको रकम फुकुवा हुन नसकी विकासका कार्यमा सक्त वाधा भइरहेको छ भने अर्कोतिर समयमा प्रतिवेदन नगर्दा अनुदान रोक्का हुन सक्ने ,प्रतिवेदन पेश नगर्ने उपर कारवाही हुन सक्ने स्थिति सिर्जना हुन गएको हुँदा प्रस्तुत कुराहरुको हृदयङ्गम गरी यथासमयमै सक्कलै प्रतिवेदन पठाउन हुन र सो आइपुग्ने समय सम्मका लागि विद्युतीय माध्यम मार्फत भएपनि प्रतिवेदन गर्नुहुन अनुरोध छ ।

..............................
आनन्द राज ढकाल
नि. सचिव

**बोधार्थ**

श्री महालेखा परीक्षकको कार्यालय
बबरमहल,काठमाण्डौं ।
श्री अर्थ मन्त्रालय,
सिंहदरबार, काठमाण्डौं ।
श्री महालेखा नियन्त्रक कार्यालय अनामनगर, काठमाण्डौं ।

**बोधार्थ तथा कार्यार्थ**

आर्थिक प्रशासन शाखा प्रमुख जि.स.स., म.न.पा,न.पा कार्यालय कार्यालय/आयोजना/ समिति: उपरोक्त व्यहोरा अवगत गर्नु भई शाखा प्रमुखका नाताले यथासमयमा उल्लेखित प्रतिवेदन पठाउने काम गर्नु हुन अनुरोध छ ।